फोन नं.: ९८५७०४६०३६

# पाल्हीनन्दन गाउँपालिका
# Palhinandan Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.), लुम्बिनी, नेपाल
Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province, Nepal

पत्र संख्या (Letter No:)
चलानी नं. (Ref. No:) 2360 ................ शाखा (Section)

मितिः २०८२/११/०५

श्री विद्यालयहरु (सबै),

पाल्हीनन्दन गाउँपालिका, नवलपरासी (ब.सु.प.)।

**विषय : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा।**

चालु शैक्षिक सत्र २०८२ मा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्र/छात्राहरु आ-आफ्नो समूह बीच स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ अन्तर्गत पाल्हीनन्दन गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८२/१०/२७ को निर्णयानुसार मिति २०८२ फागुन १२ गतेदेखि १४ गतेसम्म श्री हरपुर माध्यमिक विद्यालय पाल्हीनन्दन-२, हरपुर को ग्राउण्डमा देहाय अनुसार चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागी हुन पाल्हीनन्दन गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (पाँचौ संशोधन सहित) को अनुसूची-१ अनुसार फाराम भरी आवश्यक कागजातहरु सहित रीतपूर्वक प्रतियोगिता सञ्चालन हुने विद्यालयमा मिति २०८२ फागुन १०गते दिनको ४:०० बजेभित्र सहभागी खेलाडीहरुको विवरण पेश गर्नुहुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचना द्वारा अनुरोध गरिन्छ।

**सञ्चालन हुने खेलहरुः**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, को अनुसूची-४, बमोजिम सञ्चालन हुने खेलहरु

प्र.प्रमुख प्रशासकीय अधिकृत
अधिकृत सातौं

**१.भलिबल तर्फः** छात्र/छात्रा

**२.कबड्डी तर्फः** छात्र/छात्रा

**३.एथ्लेटिक्सः**

**क.दोड (ट्र्याक) तर्फः**

**छात्रः** १०० मि., २०० मि., ४०० मि, ८०० मि., १५०० मि., ३००० मि., ४ x १०० मि. रिले, ४x४०० मि. रिले।

**छात्राः** १०० मि., २०० मि., ४०० मि. ८०० मि., १५०० मि., ३००० मि., ४x१०० मि रिले, ४x४०० मि. रिले।

Website: htpps://palhinandanmun.gov.np, Email: palhinandanrulmun2073@gmail.com, info@palhinandanmun.gov.np

"नतिजामुखी प्रशासन, समृद्धि र सुशासन ।"
"कर आफू पनि तिरौ, अरुलाई पनि कर तिर्न प्रोत्साहन गरौ ।"

CamScanner

ख.उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः

छात्रः हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटपुट १२ पाउन्ड।

छात्राः हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम, सटपुट ८ पाउन्ड।

४ .खेल अवधिमा खेलाडीको व्यवस्थापन लगायतका विषयमा विद्यालयले देहाय अनुसार गर्नु पर्नेछः

क).प्रत्येक विद्यालयबाट १ पुरुष र १ महिला संरक्षक शिक्षक विद्यार्थीका साथमा अनिवार्य सहभागी हुनुपर्नेछ।

ख.)स्वास्थ्यको मापदण्ड पालना गर्नुपर्ने भएकोले प्रत्येक विद्यालयबाट प्रधानाध्यापक, खेल शिक्षक तथा सहभागी खेलाडीहरुले विद्यालयको झण्डा, औपचारिक पोसाकमा अनिवार्य मार्चपासमा भाग लिनु पर्नेछ।

ग.)खेलाडी विद्यार्थीहरुलाई अनुशासित, मर्यादित, संयमित र सुरक्षित रुपमा खेल प्रतियोगितामा सहभागी गराउन आवश्यक सम्पूर्ण व्यवस्था गर्नुपर्नेछ।

घ.)संरक्षक शिक्षक मध्ये १ जनालाई समूह व्यवस्थापकको जिम्मेवारी सँहित विद्यालयले सहभागीहरुको नामावली फागुन १० गते भित्र श्री हरपुर माध्यमिक विद्यालय हरपुर मा उपलब्ध गराउनु पर्नेछ।

५ .निर्देशनः

क) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्ट्समा १/१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्समा १/१ खेलाडीलाई सहभागी गराउन सक्नेछन्। एथ्लेटिक्स् इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्याक वा दुई फिल्ड एक ट्याकमा भाग लिन पाउने छन्। साथै एथ्लेटिक्सका सबै दोडहरु टाइमबेसको आधारमा गरिनेछ।

ख.) प्रत्येक विद्यालयले भलिबल र कवडी खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु पठाउन सक्नेछन्।

ग.) चालु शैक्षिक सत्र २०८२ मा गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेका १८ वर्ष मुनिका विद्यार्थीहरु मात्र प्रतियोगितामा सहभागी हुन पाउने छन्।

११/०५

नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner

घ.) अन्तराष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन।

ङ.) प्रतियोगितामा सहभागी हुनका लागि खेलाडीहरुलाई अनलाईन जन्म दर्ताको सक्कलै प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र कक्षा ८ को लब्धांकको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

च.) सहभागी खेलाडी विद्यार्थीहरुको उमेरको विषयमा विवाद भएमा निजको कक्षा ८ को लब्धांक पत्रमा उल्लेखित जन्ममितिलाई आधार मानिनेछ।

छ.) महंगा गरगहना, नगद, मोबाइल, घडी लगायतका सामग्री खेल अवधिभर साथमा राख्न नपाइने भएकोले सोही बमोजिम स्वयंमले व्यवस्थापन गर्नु पर्नेछ। यदि हराएमा, चोरी भएमा आयोजक जवाफदेही हुने छैन।

ज.) खेल अवधीभरमा कुनै विवाद उत्पन्न भएमा आयोजकको निर्णय नै अन्तिम हुनेछ।

झ.) प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (पाँचौ संशोधन सहित) अनुसार हुनेछ।

ञ.) कुनै पनि खेल वा इभेन्ट्सको निर्णयमा चित्त नबुझी उजुरी दिदा उजुरी कर्ताले उजुरीका साथ टिम गेमको हकमा रु.३००० र अन्य खेल इभेन्ट्सको हकमा रु.१००० संगलग्न राखी राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता संचालन निर्देशिका,२०७० (पाचौ संशोधन )को अनुसूची -९ बमोजिम उजुरी गर्नुपर्ने छ ।

ट.) उजुरी कर्ताले उजुरी दिदा खेल वा इभेन्ट्स समाप्त भएको ३० मिनेट भित्र उजुरी दिनु पर्ने छ ।

११/०८

रामएकबाल राय

निमित प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

१.श्री सूचना तथा प्रविधि शाखा: *यो सूचना पालिकाको वेभ साइटमा अपलोड गरिदिनु हुन।*

२.श्री सबै वडा (१-६) कार्यालयहरु-सूचना सम्प्रेषण गर्नुहुन।



CamScanner

अनुसूची-१

सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमुना**

१. सहभागी विद्यार्थीको नाम :
२. विद्यालयको नाम / ठेगाना :
३. अध्ययनरत कक्षा :
४. जन्म मिति :
५. सहभागी हुने खेल :
६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।



CamScanner

## अनुसूची-९

### (दफा १६ को उपदफा (२) सँग सम्वन्धित)

श्री केन्द्र/प्रदेश/जिल्ला/स्थानीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन समिति/आयोजक ज्यू,

..................................................................

........................................................................ ।

**विषयः उजुरी सम्वन्धमा ।**

महोदय

प्रस्तुत विषयमा मलाई ........................................खेल/इभेन्ट सञ्चालनको क्रममा उक्त खेल/इभेन्टको निर्णयमा तपशील बमोजिमका विषय/बुँदामा चित्त नबुझेकोले उक्त निर्णयमाथि आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय गरिदिनु हुन अनुरोध छ ।

<u>तपशील</u>

१.

२.

३.

निवेदक

खेलाडीको नामः

दस्तखतः

मितिः



CamScanner